# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।२० गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

सोलुखुम्बु जिल्ला, चौंरीखर्क गाउँ विकास समिति, वडा नं. ८ स्थित सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा फिल्डबुकमा श्री ५ को सरकारको उल्लेख भएको सोलुखुम्बु जिल्ला साविक चौरीखर्क गाउँ विकास समिति, वडा नं. ८ स्थित कि.नं. ४१८ क्षे.फ. १५३८.७५ व.मि. र ४१९ क्षे.फ. ७६६७.५० व.मी.को जग्गा वदनियतपूर्वक मालपोत कार्यालय, सोलुखुम्बुका तत्कालीन कार्यालय प्रमुख केशव बहादुर कार्की र तत्कालीन खरिदार तेजनाथ पौडेल समेतले मनमाया नेपालीसँग मिलेमतो गरी जग्गाको फिल्डबुक बमोजिम किसानको महलमा ढडेन उल्लेख भएको, जग्गाधनीको महल खाली रहेको र कैफियत महलमा श्री ५ को सरकार भनी उल्लेख भएका उल्लिखित जग्गा मिति २०६०/०४/२९ मा मनमाया नेपालीको नाउँमा दर्ता श्रेस्ता कायम गरेको, उक्त कि.नं. ४१९ को जग्गा मिति २०६९/०८/१९ मा कित्ताकाट एवं राजीनामा पारित गरी कि.नं. ८३३ क्षे.फ. १०४८.४८ व.मि. सुवोध नेपालीलाई बिक्री गरी कि.नं. ८३४ मनमाया नेपालीकै नाउँमा बाँकी देखिएको, मिति २०६०/०४/२९ मा स्वर्गीय साविकको कार्यालय प्रमुख भिम बहादुर सोम्बाहाम्फेको किर्ते दस्तखत गरी मनमाया नेपालीको जग्गाधनी दर्ता प्रमाण पूर्जामा अनाधिकार एवं गैरकानुनी तरिकाले कित्ता र क्षेत्रफल थप गरी गराई सोही जग्गाधनी प्रमाण पूर्जाको आधारमा जग्गाधनी दर्ता श्रेष्ता कायम गरी फिल्डबुकमा श्री ५ को सरकार जनिएका जग्गा व्यक्ति विशेषको नाममा दूषित दर्ता श्रेस्ता कायम गरेको, संकलित तथ्य प्रमाण, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त प्रतिवेदनसमेतका स्वतन्त्र सवूद प्रमाणबाट सो कुरा पुष्टि भएको देखिंदा उल्लिखित जग्गाको आ.व. २०६०।०६१ को न्यूनतम मूल्याङ्कनको आधारमा दुवै कित्ताको हुने जम्मा न्यूनतम मूल्याङ्कन रू.१९,९०,५७५।३७ (उन्नाईस लाख नब्बे हजार पाँच सय पचहत्तर रूपैया सैंतीस पैसा) कायम भएको देखिएकोले प्रतिवादीहरूले आफूलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकार एवं सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले मनमाया नेपालीको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), दफा ९ र दफा ११ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूलाई देहायबमोजिमको सजायको हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मालपोत कार्यालय, सोलुखुम्बुका तत्कालीन खरिदार **तेजनाथ पौडेल** | रू.१९,९०,५७५।३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. उन्नाईस लाख नब्बे हजार पाँच सय पचहत्तर रूपैया र सैंतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिमको जरिवानाको सजाय गरी बिगो असूल उपर हुन एवं गलत लिखत दर्ता श्रेस्ता तयार तथा नेपाल सरकारका नाममा दर्ता रहेका जग्गाको सरकारी |

| | | | |
|---|---|---|---|
| | | | कागजातमा अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने एवं हेरफेर गर्ने कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| २. | मालपोत कार्यालय सोलुखुम्बुका तत्कालीन कार्यालय प्रमुख स्वर्गिय केशव बहादुर कार्कीको हकमा निजको श्रीमती **कमला कार्की** | रू.१९,९०,५७५।३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्य कसुर गरेको देखिए तापनि निज केशव बहादुर कार्कीको मृत्यु भएको तथ्य मिसिल संलग्न प्रमाणपत्रसमेतबाट देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) तथा दफा १५८ को उपदफा (२), अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले मत्यु भएको प्रतिवादी केशव बहादुर कार्कीको हकमा निजले नेपाल सरकारलाई हानि पुऱ्याएको बिगो रू. उन्नाईस लाख नब्बे हजार पाँच सय पचहत्तर रूपैया र सैंतीस पैसा निजको श्रीमती प्रतिवादी कमला कार्कीबाट असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला सोलुखुम्वु, खुम्बु पासाङल्हामु गाउँपालिका, वडा नं. २ बस्ने जग्गाधनी **मनमाया नेपाली** | रू.१९,९०,५७५।३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्यको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेकोले बिगो रू. उन्नाईस लाख नब्बे हजार पाँच सय पचहत्तर रूपैया सैंतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारहरूलाई हुने सरह सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जग्गा जफत गरी पाउन मागदाबी लिइएको छ। |
| ४. | जिल्ला सोलुखुम्बु, खुम्बुपासाङल्हामु गाउँपालिका वडा नं. २ बस्ने जग्गाधनी **सुवोध नेपाली** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम निजको नाममा हाल कायम भएको जग्गा जफत गरी पाउन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने